आज मिति २०७७ असोज २९ गते बिहिवार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ | |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री सीता तिमिल्सिना | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिन्दु तामाङ | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मीठु परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मैया के.सी. (खत्री) | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री सरोज दनुवार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य सचिव - श्री वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

**एजेण्डाः**

१. CORONA रोकथाम सम्बन्धमा ।

२. लोकसेवा माग आक्रिति सम्बन्धमा ।

३. चालु आर्थिक वर्षको कार्यक्रम सम्बन्धमा ।

४. विविध ।

**निर्णय नं. १** CORONA **रोकथाम सम्बन्धमाः** छलफल हुँदा हाल बढिहरेको कोरोना भाइरस जोखिम न्यूनिकरणका लागि यस गोदावरी नगरपालिकाबाट भएको क्रियाकलापहरूलाई निरन्तरता दिंदै कन्ट्याक्ट ट्रेसिङमा खटिएका तपसिलमा उल्लेखित स्वास्थ्यकर्मी कर्मचारीहरूलाई मिति २०७७/०४/०१ देखि अर्को आदेश वा निर्णय नभए सम्मका लागि खाइपाई आएको शुरू तलब स्केलको ७५% प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिलः**

१. रेवतीराज कार्की - सि.अ.हे.ब. - छैटौं तह

२. केशव कुमार खड्का - सि.अ.हे.ब. छैटौं तह

३. शुशिल श्रेष्ठ - हे.अ. - पाँचौ तह

४. मदन श्रेष्ठ - ल्या.टे. - छैटौ तह

५. राजेन्द्र श्रेष्ठ - हे.अ. - पाँचौ तह

६. विक्रम चौधरी - ल्याब असिस्टेन्ट - पाँचौ तह

७. विकास दास - कार्यालय सहयोगी - प्रथम तह

**निर्णय नं. २ लोकसेवा माग आकृति फारम सम्बन्धमाः** छलफल हुँदा प्रदेश लोकसेवा आयोग आकृति फाराम सम्बन्धमा छलफल हुँदा हाल यस गोदावरी नगरपालिका कार्यालयमा आवश्यक रहेको तथा रिक्त रहेको पदहरूका लागि मात्र माग आकृति फाराम भरी पठाउने ।

**निर्णय नं. ३ चालु आर्थिक वर्षको कार्यक्रम सम्बन्धमाः** छलफल हुँदा रू.५ लाख सम्म बजेट बिनियोजन भएको वडास्तरीय योजना तथा कार्यक्रमहरू वडाकार्यालयबाट नै सम्झौता कार्यदेश लगायत नियमानुसारको प्रक्रिया पूरा गरी सञ्चालन एवं कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ विविधः**

४.१ यस गोदावरी नगरक्षेत्रका विभिन्न सडक खण्डहरू वर्षातका कारण पहिरो खस्ने तथा खाल्टाखुल्टी परी यातायात सञ्चालन तथा आवत-जावतमा असहज भएकोले त्यस्ता सडक खण्डमा ग्राभेल हाल्नुका साथै मर्मत गर्नको लागि सम्बन्धित वडाकार्यालयको सिफारिस बमोजिम चालु आर्थिक वर्ष २०७७/०७८ नगरस्तरीय मर्मत सम्भार उपशीर्षकबाट प्रत्येक वडालाई रू.५ लाख उपलब्ध गराउने निर्णय गरियो । उक्त ग्राभेल तथा मर्मत कार्य बापत रकम भुक्तानीका लागि देहायका कागजातहरू अनिवार्य पेश गर्नुपर्ने समेत निर्णय गरियो ।

क) कार्य सञ्चालनको तस्वीरहरू (कार्य सञ्चालन भन्दा अघि र पछि) र अनुगमन प्रतिवेदन ।

ख) प्राविधिक मूल्याङ्कन सहितको कार्यसम्पन्न प्रतिवेदन

ग) सम्बन्धित वडाकार्यालयबाट (सम्झौता तथा भुक्तानीको) सिफारिस ।

४.२. यस गोदावरी नगरपालिकाको नगरसभाबाट स्वीकृत कार्यविधि अनुसार कागज प्रमाण पुर्‍याई 'घ' वर्गको इजाजत पाउँ भनी देहायका निर्माण सेवा र सम्बन्धित समितिबाट समेत सफिारिस भई आएको एवं योग्यता पुगेकाले 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

१. विफोर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गोदावरी नगरपालिका वडा नं. ३, सञ्चालक वासुदेव कुँवर ।

२. फलकुन कन्स्ट्रक्सन, गोदावरी नगरपालिका वडा नं. ७ देवीचौर, सञ्चालक सागरमान तामाङ ।

३. भट्टराई कन्स्ट्रक्सन, गोदावरी नगरपालिका वडा नं. १०, सञ्चालक आषिश भट्टराई ।

४. अद्धितिय कन्स्ट्रक्सन प्रा.लि., गोदावरी नगरपालिका वडा नं. ७ देवीचौर, सञ्चालक विश्वनाथ तिमल्सिना ।

४.३ यस गोदावरी नगरपालिकाको विभिन्न वडाहरूमा सञ्चालनमा रहेका खानी तथा क्रसर उद्योगहरूलाई IEE/EIA लगायत तोकिएको मापदण्ड एवं राजश्व बुझाई नियमानुसार नविकरण गर्न गराउन ताकेता गर्ने । साथै हाल अवैध रूपमा पनि केही त्यस्ता उद्योगहरू सञ्चालनमा रहेको तथा प्राकृतिक श्रोतको चरम दोहन एवं निकासी भइरहेको भन्ने बुझिन आएकोले अनुगमन⁄निरीक्षण तथा नियमानुसारको आवश्यक कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

४.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-११ दफा ८३(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको अधिकारक्षेत्र विश्लेषण सहित संगठन व्यवस्थापन सर्वेक्षण गरी आवश्यक कार्यविधि बनाई व्यवस्थापन गर्नुपर्ने भएकोले यस गोदावरी नगरपालिकाको प्रशासकीय संगठन र कर्मचारी दरबन्दी तेरिजको पुनरावलोकन तथा O & M सर्भे अद्यावधिक गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

४.५. विगत लामो समय साविक जिल्ला विकास समिति ललितपुर हुँदै यस गोदावरी नगरपालिकामा करार सेवामा कार्यरत सामाजिक परिचालक श्री शारदा के.सी.ले दिनु भएको स्वेच्छिक राजीनामा मिति २०७७ श्रावण ११ बाट स्वीकृत भएकोले निजको कार्यसम्पादन तथा योगदानको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरूप रू.५० हजार प्रदान गर्ने निर्णय गरियो ।

४.६. अघिल्लो आर्थिक वर्ष २०६७⁄०७७ मा सम्झौता भई अन्तिम कार्यसम्पन्न प्रतिवेदन तथा प्राविधिक मूल्याङ्कन बापतको रकम भुक्तानी दिन बाँकी रहेको वडा नं. ३ स्थित मुक्तेश्वर घाट तथा पाटी निर्माण योजनाको हाल प्राविधिक मूल्याङ्कन सहित अन्तिम कार्यसम्पन्न प्रतिवेदन पेश हुन आएकोले चालु आर्थिक वर्ष २०७७⁄०७८ को क्र.सं. ६ नगरस्तरीय बजेट संकेत नं. २५८ खर्च शीर्षक नं.२२२३१ बजेट श्रोत बाग्मती प्रदेश नगद अनुदान उपशीर्षकबाट रू.२० लाख भुक्तानी दिने निर्णय गरियो ।

४.७. खानी तथा भूगर्भ विभागबाट आवश्यक वातावरणीय निरीक्षण लगायतका प्रक्रिया पुरा गरी प्राप्त हुन आएको गोदावरी नगरपालिका वडा नं. ८ निवासी श्री इन्द्र तुलाधरको निजी जग्गा ०.२५ वर्ग कि.मी क्षेत्रफलमा सञ्चालन हुने गरी विभागबाट प्राप्त शर्तहरूको पालना गर्ने गरी ग्राभेल उत्खनन अनुमति सहमति प्रदान गर्ने निर्णय गरियो ।

४.८. गोदावरी नगरपालिका प्रधानमन्त्री रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक दुर्गाधन सुनुवारलाई रोजगार संयोजक सेवा सुविधा मापदण्ड २०७६ को दफा १८

उपदफा ३ बमोजिम स्थानीय तहबाट थप सुविधा (मंहगी भत्ता) बापत मासिक रू.२,०००/- उपलब्ध गराउने भनी मिति २०७७ जेठ २५ को कार्यपालिका बैठकले गरेको निर्णय भएकोमा भुलबस निर्णय पुस्तिकामा टाँस हुन छुट भएकोले आर्थिक वर्ष २०७६/०७७ र चालु आर्थिक वर्ष २०७७/०७८ सम्मको उक्त मंहगी भत्ता बापतको मासिक रकम रू.२,०००/- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

४.९. यस नगरपालिका अन्तर्गत स्टाफ नर्स (पाँचौं) पदमा कार्यरत कर्मचारी श्री मेलिना बस्नेतको मिति २०७६/०८/०१ देखि मिति २०७९/०७/३० सम्म तलबी अध्ययन बिदा स्वीकृत भएको हुँदा उक्त अवधिभर स्वास्थ्य सेवा प्रवाहमा कठिनाई उत्पन्न भएकोले स्वास्थ्यकर्मी सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्न नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ११क बमोजिम नेपाल सरकारबाट स्वीकृत “चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवमा व्यवस्थापन गर्ने सम्बन्धभी कार्यविधि, २०७६” बमोजिम स्टाफ नर्स (पाँचौं) पदमा सेवा कारर गरी स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने निर्णय गरियो ।